# नेपाल स्टक एक्स्चेन्ज लिमिटेड (नेप्से) को प्रमुख कार्यकारी अधिकृतको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३

नेपाल स्टक एक्स्चेन्ज लिमिटेड (नेप्से) को रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनको लागि अर्थ मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्य नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) को दफा ७ को उपदफा (२) बमोजिम यो कार्यविधि बनाइएको छ।

**१. <u>दरखास्त आह्वान</u> :**

नेपाल स्टक एक्स्चेन्ज लिमिटेड (नेप्से) को प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति गर्न उपयुक्त उम्मेदवारको नाम सिफारिस गर्ने प्रयोजनको लागि १५ (पन्ध्र) दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिका, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र अर्थ मन्त्रालयको वेवसाइटमा सूचना प्रकाशन गरी आवेदन माग गरिनेछ।

**२. <u>आवश्यक योग्यता तथा अनुभव</u> :**

२.१ अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्तशास्त्र, व्यवस्थापन, सूचना प्रविधि वा वाणिज्य वा कानून विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको उपाधी हासिल गरी पूँजी बजार वा वित्तीय क्षेत्र वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा सात वर्ष व्यवस्थापकीय तहमा काम गरेको अनुभव सहित कम्तीमा पन्ध्र बर्षको कार्य अनुभव भएको नेपाली नागरिक,

द्रष्टव्यः- यस प्रयोजनको लागि व्यवस्थापकीय तह भन्नाले नेपाल सरकारको अधिकृतस्तरको कम्तीमा द्धितिय श्रेणी वा सो सरह वा कम्पनी वा संगठित सँस्थाको हकमा कार्यकारी प्रमुख वा सो को दुई तह मातहत सम्मको व्यवस्थापकीय नेतृत्वमा रहेको व्यक्ति सम्झनुपर्दछ।

२.२ देहायको अयोग्यता नभएकोः-

(क) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरिएको भए सजाँय भुक्तान भएको मितिले पाँच बर्ष पूरा नभएको,

(ग) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाँय पाएको भए सजाँय भुक्तान भएको मितिले पाँच बर्ष पूरा नभएको,

(घ) आफू सञ्चालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,

(ङ) प्रचलित कानून बमोजिम कर दाखिला नगरेको वा प्रचलित कानून बमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगर्ने कम्पनी वा संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख रहेको,

(च) कम्पनी वा संगठित संस्था वा त्यस्तो कम्पनी वा संगठित संस्थाको शेयरधनी कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेको वा कालोसूचीबाट हटेको कम्तीमा ६ महिना पूरा नभएको,

(छ) लगातार तीन वर्षसम्म लेखापरीक्षण भएको बित्तीय विवरण सार्वजनिक नगर्ने सार्वजनिक निष्काशन गरेका संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख रहेको,

(ज) अर्को कुनै धितोपत्र बजारमा आधारभूत शेयरधनी रहेको वा कुनै लाभको पद ग्रहण गरेको।

(झ) कम्पनी वा संगठित संस्था वा त्यस्तो कम्पनी वा संगठित संस्थाको शेयरधनी बोर्ड वा अन्य कुनै नियमनकारी निकायबाट कारवाहीमा परेको छ महिना पूरा नभएको,

(ञ) कुनै धितोपत्र व्यवसायी संस्थामा लाभको पदमा रहेको।

२.३ बुँदा नम्बर २.२ (ञ) मा उल्लिखित भए अनुसार धितोपत्र व्यवसायी संस्थामा लाभको पदमा रही पदमुक्त भएको एक वर्ष व्यतित भइनसकेको।

२.४ अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) को दफा ३ को खण्ड (ग) बमोजिम तीस वर्ष उमेर पूरा भई पैंसट्ठी वर्ष उमेर ननाघेको,

२.५ अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) को दफा ४ ले तोके बमोजिम देहायको अयोग्यता नरहेको:

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) कार्यकारी प्रमुखका हकमा सार्वजनिक निकायको कुनै ठेक्का पट्टा संझौता गरी काम गरिरहेको,

(च) मानसिक सन्तुलन ठीक नभएको ।

३. <u>**दरखास्तसाथ सिफारिस समितिको सचिवालयमा पेश गर्नुपर्ने कागजात तथा विवरणहरू**</u> :

३.१ शैक्षिक योग्यता, कार्य अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन/मोवाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्तमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ।

३.२ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र पेशागत अनुभव पुस्ट्याई गर्ने कागजातको प्रतिलिपि आवेदक स्वयम्ले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

३.३ उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) तयार गरी ३ (तीन) प्रति पेश गर्नु पर्नेछ।

३.४ आवेदक कुनै निकायमा कार्यरत भए यस पदको प्रतिस्पर्धामा भाग लिनको लागि सेवारत रहेको निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ।

३.५ उम्मेदवारले दरखास्तकोसाथमा दरखास्त दस्तुर बापत अर्थ मन्त्रालयको कार्यालय कोडमा तोकिएको राजस्व खाता, राजस्व शीर्षक र बैंक शाखामा जम्मा हुने गरी रु. ५,०००।- (अक्षरेपी पाँच हजार मात्र) बुझाएको सक्कलै भौचर पेस गर्नु पर्नेछ।

३.६ दरखास्तसाथ अनुसूची-१ बमोजिमको स्वयम् घोषणाको विवरण आवेदक स्वयम्ले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

४. **<u>व्यावसायिक कार्ययोजना सम्बन्धी व्यवस्था</u>:**

४.१ उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यावसायिक कार्ययोजना (Business Action Plan) नेप्सेको प्रमुख कार्यकारी अधिकृतका लागि तोकिएबमोजिमका काम, कर्तव्य र अधिकार समेतका आधारमा देहायका विषयसमेत समावेश गरी नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको नियामकीय र सञ्चालनगत भूमिकाको थप प्रभावकारिताको लागि चालिनु पर्ने नीतिगत, रणनीतिक तथा कार्यगत सुधारका कदमहरू समावेश भएको समयसारिणी सहितको हुनु पर्नेछ।

(क) पूँजी बजारको सैद्धान्तिक पृष्ठभूमि एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्यको पहिचान र विश्लेषण,

(ख) नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको काम, कर्तव्य, अधिकार, संगठनात्मक विश्लेषण एवम् सूचना प्रविधि प्रणाली तथा जोखिम व्यवस्थापनको विश्लेषण गर्दै नेप्सेको काम कारवाहीमा पारदर्शिता, स्वच्छता, अनुगमन, सुपरीवेक्षण क्षमता, व्यवस्थापकीय क्षमता जस्ता पक्षहरूको पहिचान, विश्लेषण गरी आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्र र विषयहरू,

(ग) सूचीकृत कम्पनी र धितोपत्र दलालहरूको धितोपत्र कारोबारमा योगदान तथा पार्नसक्ने प्रभावको विश्लेषण सहित पूँजी बजारमा लगानीकर्ताको हक र हित संरक्षणको दृष्टिबाट नेप्सेले चाल्नुपर्ने नीतिगत, कानूनी, प्रक्रियागत र प्रविधिगत सुधारहरूको पहिचान,

(घ) नेप्सेको संस्थागत र कार्यगत सुशासनको विद्यमान अवस्था र आगामी दिनमा गर्नुपर्ने सुधारका विषय र क्षेत्रहरू,

(ङ) खण्ड (क) देखि (घ) सम्म उल्लेख भएका विषयहरू समेटी प्रत्येक क्षेत्रको विद्यमान अवस्था, विद्यमान व्यवस्था र आगामी दिनमा समयवद्ध रुपमा गर्नुपर्ने सुधारको स्पष्ट खाका सहितको सुझाव कार्यान्वयन कार्ययोजना।

४.२ **नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको सङ्गठनात्मक विश्लेषणका सम्बन्धमाः**

नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको संगठनात्मक विश्लेषण (Organizational Analysis) मा संगठन संरचना, मानव संसाधन व्यवस्थापन, जोखिम व्यवस्थापन, प्रविधि र सञ्चालन तथा सूचना प्रणालीको अवस्था तथा व्यवस्थापन, संस्थागत सुशासन, वित्तीय व्यवस्थापन, तोकिए बमोजिमको काम, कर्तव्य

अनुरूप कार्य सञ्चालनको प्रभावकारिता, काम कारवाहीमा पारदर्शिता र स्वच्छता, लगायतका विद्यमान अवस्थाको पहिचान गरी सबल पक्ष, दूर्बल पक्ष एवं अवसर तथा चुनौतीको विश्लेषण गरिएको हुनु पर्नेछ।

४.३ व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी भाषामध्ये कुनै एक भाषामा A4 Size को कागजमा बायाँ १.५ तथा दायाँ, तल र माथि १" Margin राखेर प्रिन्ट गरी तयार गरिएको हुनु पर्नेछ। अंग्रेजी भाषामा व्यावसायिक कार्ययोजना तयार गर्दा Times New Roman फन्टको प्रयोग गर्नु पर्नेछ। मूल शीर्षकको फन्ट साइज १६pt bold, उपशीर्षकको फन्ट साइज १४pt bold तथा अन्तर्वस्तु (Text) को फन्ट साइज १२pt normal हुनु पर्नेछ। नेपाली भाषामा व्यावसायिक कार्ययोजना तयार गर्दा Unicode (Kalimati) फन्टको प्रयोग गर्नु पर्नेछ। मूल शीर्षकको फन्ट साइज १३pt bold, उपशीर्षकको फन्ट साइज १२pt bold तथा अन्तर्वस्तु (Text) को फन्ट साइज ११pt normal हुनु पर्नेछ।

४.४ व्यावसायिक कार्ययोजनाको मूल अन्तर्वस्तु (Main Text) को पहिलो पृष्ठ 'पृष्ठ १' हुने गरी क्रमानुसार पृष्ठसङ्ख्या उल्लेख गरिएको हुनु पर्नेछ।

४.५ व्यावसायिक कार्ययोजनाको अनुसूचीमा संलग्न पृष्ठहरूमा रोमन अङ्क '१' देखि शुरु हुने गरी क्रमानुसार पृष्ठसङ्ख्या उल्लेख गरिएको हुनुपर्नेछ।

४.६ दरखास्तसाथ पेश गरिएको व्यावसायिक कार्ययोजना दफा ६ को उपदफा (६.२) बमोजिम संक्षिप्तसूची (Shortlist) मा छनौट भएका उम्मेदवारहरूले तोकिएको मिति र समयमा प्रस्तुतिकरण समेत गर्नु पर्नेछ।

४.७ व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, पेशागत अनुभव तथा नेपाली नागरिकताको प्रमाणपत्र एवं आवेदनसाथ पेश गरेको अन्य कागजातहरूको सक्कल प्रति साथै लिई प्रस्तुतिकरण तथा अन्तर्वार्ताको लागि उपस्थित हुनु पर्नेछ।

**५. उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्क भार :**

आवेदकको मूल्याङ्कन दुई चरणमा हुनेछ। प्रथम चरणको मूल्याङ्कन शैक्षिक योग्यता, कार्य अनुभव र व्यवसायिक कार्ययोजनाको परीक्षण गरी कुल ५५ पूर्णाङ्कमा हुनेछ। दोस्रो चरणमा आवेदकको मूल्याङ्कन नेतृत्व क्षमता र कार्ययोजनाको प्रस्तुतिकरण तथा अन्तर्वार्ता गरी कुल ४५ पूर्णाङ्कमा गरिनेछ। आवेदकको मूल्याङ्कन सम्बन्धी समग्र अङ्क भार र सो को वर्गीकरण तपसिलअनुसार कायम हुनेछ।

| मूल्याङ्कनको चरण | सि.नं. | मूल्याङ्कनको आधार | अङ्कभार विभाजन |
|---|---|---|---|
| **प्रथम चरण** | १ | शैक्षिक योग्यता | १० अङ्क |
| | २ | कार्य अनुभव | १० अङ्क |
| | ३ | व्यावसायिक कार्ययोजना | ३५ अङ्क |
| | | **प्रथम चरणको कूल अङ्कभार** | **५५ अङ्क** |
| **दोस्रो चरण** | ४ | नेतृत्व क्षमता | १० अङ्क |
| | ५ | कार्ययोजनाको प्रस्तुतिकरण तथा अन्तर्वार्ता | ३५ अङ्क |

| | | |
|---|---|---|
| | **दोस्रो चरणको कूल अङ्कभार** | ४५ अङ्क |
| **दुबै चरणको कुल अङ्कभार** | | **१०० अङ्क** |

**(क) उम्मेदवारको शैक्षिक योग्यता बापतको मूल्याङ्कनको आधार तथा अङ्कभार विभाजनः-**

| सि.नं. | शैक्षिक योग्यता मूल्याङ्कनको आधार | अङ्कभार |
|---|---|---|
| १ | प्रथम श्रेणी वा सो भन्दा माथि | १० अङ्क |
| २ | प्रथम श्रेणी भन्दा तलको | ८ अङ्क |

**(ख) कार्य अनुभव बापतको मूल्याङ्कनको आधार तथा अङ्कभार विभाजनः-**

| सि.नं. | कार्य अनुभव मूल्याङ्कनको आधार | अङ्कभार |
|---|---|---|
| १ | न्यूनतम कार्य अनुभव भएमा | ७ अङ्क |
| २ | व्यवस्थापकीय तहमा १० वर्ष भन्दा बढीको कार्य अनुभव भएमा | थप ३ अङ्क |

**(ग) व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको आधार तथा अङ्कभार विभाजनः-**

| **सि.नं.** | **मूल्याङ्कनको आधार** | **अङ्कभार** |
|---|---|---|
| (क) | पूँजी बजारको सैद्धान्तिक पृष्ठभूमि एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्यको पहिचान र विश्लेषण | ६ अङ्क |
| (ख) | नेपाल स्टक एक्स्चेन्ज लि. को काम कर्तव्य अधिकार. संगठनात्मक विश्लेषण एमम् सूचना प्रविधि प्रणालीको विश्लेषण | ५ अङ्क |
| (ग) | नेप्सेको काम कारवाहीमा पारदर्शिता, स्वच्छता, अनुगमन सुपरिवेक्षण क्षमता, व्यवस्थापकीय क्षमता जस्ता पक्षको पहिचान, विश्लेषण गरी आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्र र विषयको पहिचान | ५ अङ्क |
| (घ) | लगानीकर्ताको हक र हित संरक्षणको दृष्टिबाट नेप्सेले चाल्नुपर्ने नीतिगत, कानूनी, प्रक्रियागत र प्रविधिगत सुधारको पहिचान | ७ अङ्क |
| (ङ) | नेप्सेको संस्थागत र कार्यगत सुशासनको विद्यमान अवस्था र आगामी दिनमा गर्नुपर्ने सुधार | ५ अङ्क |
| (च) | सुझाव कार्यान्वयन कार्ययोजना | ७ अङ्क |
| **जम्मा** | | **३५ अङ्क** |

**(घ) नेतृत्व क्षमता मूल्याङ्कनको आधार तथा अङ्कभार विभाजनः जम्मा १० अङ्क**

| सि.नं | नेतृत्व क्षमता मूल्याङ्कनको आधार | अङ्कभार |
|---|---|---|
| १ | व्यक्तित्व | ५ अङ्क |
| २ | नेतृत्व सीप क्षमता | ५ अङ्क |
| **जम्मा** | | **१०** अङ्क |

**(ङ) अन्तर्वार्ता र प्रस्तुतिकरणको मूल्याङ्कनको आधार**

| सि.नं | अन्तर्वार्ता र प्रस्तुतिकरणको मूल्याङ्कनको आधार | अङ्कभार |
|---|---|---|
| १ | विषयवस्तुको स्पष्ट ज्ञान र प्रस्तुतिकरण | १० अङ्क |
| २ | स्पष्ट धारणा र आत्मविश्वास | १० अङ्क |
| ३ | व्यवसायिक कार्ययोजना कार्यान्वयनको मार्गचित्र | १५ अङ्क |
| **जम्मा** | | **३५** अङ्क |

**६. <u>उम्मेदवार छनौटका आधार एवम् प्रक्रिया</u> :**

उम्मेदवार छनौटका लागि निम्न बमोजिमको प्रक्रिया अपनाइनेछ।

६.१ सिफारिस समितिले सर्वप्रथम तोकिए बमोजिमको योग्यता र अनुभव भएका आवेदकले दरखास्तसाथ पेश गरेको व्यावसायिक कार्ययोजनाको परीक्षण गर्नेछ। परीक्षणबाट प्राप्त अङ्कको आधारमा औषत अङ्क निर्धारण गरी व्यावसायिक कार्ययोजना बापतको प्राप्ताङ्क गणना गरिनेछ।

६.२ तोकिए बमोजिमको योग्यता र पेशागत अनुभव भएका आवेदकको शैक्षिक योग्यता बापतको प्राप्ताङ्क तथा पेश भएको व्यावसायिक कार्ययोजना बापतको उपदफा (६.१) बमोजिमको प्राप्ताङ्कको योगफल निर्धारण गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवार मध्ये सम्भव भएसम्म ५ (पाँच) जना उम्मेदवारको संक्षिप्तसूची (Shortlist) तयार गरी व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण एवं अन्तर्वार्ताका लागि छनौट गरिनेछ।

६.३ व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरणका लागि छनौटमा परेका आवेदकले तोकिएको मिति र समयमा व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण गर्नु पर्नेछ। प्रस्तुतिकरणका लागि ३० (तीस) मिनेट समय प्रदान गरिने छ। तोकिएको मिति र समयमा अन्तर्वार्तामा उपस्थित नहुने उम्मेदवारलाई पुनः अन्तर्वार्तामा सामेल गराइने छैन।

६.४ उपदफा (६.२) बमोजिम व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण एवं अन्तर्वार्ताका लागि छनौट भई व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण एवं अन्तर्वार्ताका लागि उपस्थित उम्मेदवारको शैक्षिक योग्यता बापतको प्राप्ताङ्क, पेश भएको व्यावसायिक कार्ययोजना बापतको उपदफा (६.१) बमोजिमको औषत प्राप्ताङ्क, व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरणको औषत प्राप्ताङ्क तथा अन्तर्वार्तामा प्राप्त औषत प्राप्ताङ्कको योगफल निर्धारण गरी उच्चतम अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारको नाम वर्णानुक्रमानुसार सिफारिस गरिनेछ।

६.५ तीनजना भन्दा कम आवेदकको आवेदन परेको अवस्थामा पहिलो चरणमा परेका आवेदनहरूलाई यथावत् राखी थप आबेदनको लागि ७ (सात) दिनको म्याद दिई पुनः दरखास्त आह्वान गरिनेछ।

६.६ पुनः दरखास्त आह्वान गर्दा थप आवेदन परे वा नपरे पनि छनौट सम्बन्धी प्रक्रियालाई अगाडि बढाउन सकिनेछ।

६.७ यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा सिफारिस समितिले त्यस्तो वाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्नेछ।

**७. <u>परामर्श लिन सक्ने</u> :**

सिफारिस समितिले यस कार्यविधि बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका उपयुक्त सम्झेको व्यक्ति वा निकायसँग परामर्श लिन वा विज्ञको सेवा लिन सक्नेछ।

**८. <u>सचिवालय</u> :**

नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाले सिफारिस समितिको सचिवालयको रूपमा काम गर्नेछ।

**अनुसूची-१**

**(दफा ३.६ सँग सम्बन्धित)**

**दरखास्तको साथमा पेश गर्नुपर्ने स्वघोषणा फारामको ढाँचा**

## स्वघोषणा फाराम

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि **नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**को **प्रमुख कार्यकारी अधिकृत** पदमा नियुक्ति हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेश गरेको छु।

१. **नाम, थर (नेपालीमा)**:

२. **Name (In English) :**

३. **जन्म मितिः वि.सं.:** **इ.सं.:**

४. **स्थायी ठेगानाः**

५. **हालको ठेगानाः**

६. **नागरिकता प्रमाणपत्र / राष्ट्रिय परिचयपत्र नं.:**

७. **जारी मिति र जिल्लाः**

८. **सम्पर्क नं.:**

९. **इमेलः**

१०. **शैक्षिक योग्यताः**

११. मेरो विस्तृत वैयक्तिक विवरण (Bio-Data), नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र पेशागत अनुभव पुस्टयाइँ गर्ने प्रमाणित कागजात स्वयं प्रमाणित गरी यसै साथ संलग्न राखी पेश गरेको छु।

१२. **निम्न लिखित व्यहोराको स्वयम् घोषणाको विवरणः**

(क) मैले तोकिएको विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको उपाधी हाँसिल गरेको छु।

(ख) मेरो पूँजी बजार वा वित्तीय क्षेत्र वा व्यवस्थापन सम्बन्धी कार्यमा ................ वर्ष व्यवस्थापकीय तहमा काम गरेको अनुभव सहित ................... बर्षको कार्य अनुभव रहेको छ।

(ग) मेरो उमेर ............वर्ष पुगेको छ।

(घ) म भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैङ्किङ् कसूर, चोरी, कीर्ते, ठगी, जालसाजी, आतङ्ककारी कार्य, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएको छैन वा कसुरदार ठहरिएको भए सजाँय भुक्तान भएको मितिले पाँच बर्ष पूरा भइसकेको छ।

(ङ) म आफू वा आफू सञ्चालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको छैन वा दामासाही मा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा भइसकेको छ।

(च) मैले प्रचलित कानून बमोजिम कर दाखिला नगरेको वा प्रचलित कानून बमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगर्ने कम्पनी वा संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख रहेको छैन।

(छ) म, मेरो कम्पनी वा संगठित संस्था वा त्यस्तो कम्पनी वा संगठित संस्थाको शेयरधनी कर्जा सूचना केन्द्रको कालोसूचिमा रहेको छैन। वा कालो सूचीबाट हटेको ३ (तीन) वर्ष पुरा भएको छ।

(ज) म लगातार तीन वर्षसम्म लेखा परीक्षण भएको बित्तीय विवरण सार्वजनिक नगर्ने सार्वजनिक निष्काशन गरेका संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख रहेको छैन।

(झ) मैले अर्को कुनै धितोपत्र बजारमा आधारभूत शेयरधनी रहेको वा कुनै लाभको पद ग्रहण गरेको छैन।

(ञ) म, मेरो कम्पनी वा संगठित संस्था वा त्यस्तो कम्पनी वा संगठित संस्थाको शेयरधनी बोर्ड वा अन्य कुनै नियमनकारी निकायबाट कारवाहीमा परेको छैन वा कारवाहीमा परेको छ महिना पुरा भइसकेको छ।

(ट) म कुनै धितोपत्र व्यवसायी संस्थामा लाभको पदमा रहेको छैन वा त्यस्तो पदबाट पदमुक्त भएको एक वर्ष व्यतित भइसकेको छ।

(ठ) म कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

(ड) म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

(ढ) मैले विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

(ण) म हाल कुनै अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्धारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।

(त) मलाई नियामक निकायबाट कार्यकारी प्रमुख हुन अयोग्य हुने गरी तोकिएको छैन।

(थ) मेरो नाममा व्यक्तिगत बेरुजू बाँकी छैन।

(द) मैले नेपाल स्टक एक्स्चेन्ज लिमिटेड (नेप्से) को प्रमुख कार्यकारी अधिकृतको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३ मा तोकिए बमोजिमको योग्यता र अनुभव हासिल गरेको छु साथै ऐ. कार्यविधिमा तोकिए बमोजिम अयोग्य छैन।

(ध) मैले अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) को दफा ३ बमोजिमको योग्यता र अनुभव हासिल गरेको छु। र ऐ. मापदण्डको दफा ४ बमोजिम अयोग्य रहेको छैन।

(न) तहाँबाट थप विवरण माग भएमा सो विवरण तोकिएको समयमा पेश गर्नेछु।

१३. मैले पेश गरेका शैक्षिक योग्यता, नागरिकता, अनुभवलगायतका सबै कागजातहरू सक्कलबमोजिमका छायाप्रतिहरू हुन्। यस साथ संलग्न कागजात र प्रमाणको भार म मा निहित रहनेछ। साथै, मैले पेश गरेको मेरो व्यक्तिगत विवरण (CV) मा उल्लिखित सम्पूर्ण व्यहोरा सत्य र ठीक साँचो हो, फरक परेको छैन। झुट्टा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

**<u>स्वघोषणा गर्ने व्यक्तिको</u> -**

**दस्तखतः**

| दायाँ | बायाँ |
|---|---|
| | |

**मिति :**